नेपाल सरकार
Government of Nepal

माननीय सिता बादी
मन्त्री
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Sita Badi
Minister
Ministry of Women, Children, Gender and sexual Minorities and Social Security
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

# राष्ट्रिय बाल दिवस २०८३

## शुभकामना सन्देश

बालापन जीवनको एउटा उमेर मात्र होइन; यो व्यक्तिको शारीरिक, मानसिक, बौद्धिक, भावनात्मक र सामाजिक विकासको आधार निर्माण हुने अत्यन्त संवेदनशील चरण हो। बालबालिकाले आज पाएको माया, संरक्षण, शिक्षा, स्वास्थ्य, पोषण, अवसर र सम्मानले नै भोलिको नागरिक र अन्ततः राष्ट्रको स्वरूप निर्धारण गर्दछ।

नेपालको संविधानले प्रत्येक बालबालिकालाई पहिचान, शिक्षा, स्वास्थ्य, पालनपोषण, उचित स्याहार, खेलकुद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासका साथै हिंसा, शोषण र जोखिमबाट संरक्षणको हक सुनिश्चित गरेको छ। बालबालिकासम्बन्धी ऐन, २०७५ लगायतका कानुनी तथा नीतिगत व्यवस्थाले बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकता दिँदै उनीहरूको संरक्षण, विकास, सहभागिता र न्यायको अधिकारलाई संस्थागत गरेका छन्। नेपाल संयुक्त राष्ट्रसङ्घीय बाल अधिकारसम्बन्धी महासन्धिको पक्ष राष्ट्र भएकोले नेपालले बालबालिकालाई संरक्षण र कल्याणका पात्रका रूपमा मात्र नभई स्वतन्त्र अधिकार भएका व्यक्तिको रूपमा स्थापित गरेको छ।

आज पनि कतिपय बालबालिका बालविवाह, बालश्रम, हिंसा, दुर्व्यवहार, बेचबिखन तथा ओसारपसार, यौन शोषण, पारिवारिक विखण्डन, विद्यालय छोड्ने अवस्था र विभिन्न प्रकारका विभेद तथा जोखिमपूर्ण अवस्थाबाट गुज्रिरहेका छन्। प्रविधिको विकाससँगै अनलाइन दुर्व्यवहार, साइबर बुलिङ, अनलाइन यौन शोषण, गलत सूचना, डिजिटल लत, अनलाइन स्क्याम, व्यक्तिगत गोपनीयताको भङ्ग र दुरुपयोग हुने जोखिम जस्ता नयाँ चुनौतीहरू थपिएका छन्। त्यसैले "बालापनको रक्षा" भन्नाले बालबालिकालाई जोखिमबाट जोगाउनु मात्र होइन; उनीहरूलाई आफ्नो पूर्ण क्षमता विकास गर्न सक्ने वातावरण सुनिश्चित गर्नु पनि हो। नेपाल सरकारको दृष्टिकोण स्पष्ट छ, हरेक बालबालिका परिवारमा सुरक्षित होस्, विद्यालयमा सम्मानित होस्, समुदायमा संरक्षित होस्, डिजिटल संसारमा सुरक्षित होस् र राज्यका सेवा तथा अवसरमा समान पहुँच प्राप्त गर्न सकोस्। यसका लागि बाल संरक्षण प्रणालीलाई संघ, प्रदेश र स्थानीय तहसम्म थप प्रभावकारी र उत्तरदायी बनाउनु पर्दछ।

जोखिममा परेका बालबालिकाको शीघ्र पहिचान, उद्धार, अस्थायी संरक्षण, मनोसामाजिक सहयोग, पुनर्स्थापना तथा पारिवारिक पुनर्मिलनसम्मका सेवाहरूलाई एकीकृत र बालमैत्री बनाइनुपर्छ। बाल हेल्पलाइन १०९८,बालबालिका खोजतलास सेवा केन्द्र १०४ लगायतका बाल संरक्षण सेवाको पहुँच र प्रभावकारिता विस्तार गर्नुपर्छ। विद्यालय र शिक्षकहरू बाल संरक्षणका अग्रपङ्क्तिका साझेदार हुनुहुन्छ। विद्यालयलाई हिंसा, अपमान, भेदभाव, बुलिङ र शारीरिक तथा मानसिक दण्डरहित सुरक्षित सिकाई स्थल बनाउनुपर्छ। नागरिक समाज, निजी क्षेत्र, सञ्चारमाध्यम तथा विकास साझेदारहरूले पनि बाल अधिकारको संरक्षण र प्रवर्द्धनमा सरकारसँगको सहकार्यलाई अझ प्रभावकारी बनाउन आवश्यक छ।

यसै वर्षको भाद्र १० गतेका दिन भोटेकोसीमा आएको विनाशकारी बाढीमा ज्यान गुमाउनुभएका बालबालिकाप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु। साथै, घाइते बालबालिकाको शीघ्र स्वास्थ्य लाभको पनि कामना गर्दछु। विशेष गरी, अपाङ्गता भएका, दुर्गम तथा पिछडिएका क्षेत्रका,आर्थिक सामाजिक रूपमा पछाडि परेका, विपद् तथा सङ्कटबाट प्रभावित आमाबाबु गुमाएका बालबालिका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षणको जिम्मेवारी सरकारको हो। मन्त्रालयले यो जिम्मेवारी पूर्ण संवेदनशीलता र प्रतिबद्धताका साथ निर्वाह गर्नेछ। यसै सिलसिलामा ललितपुर जिल्ला गोदावरी नगरपालिका-१२, ठेचोमा विशेष संरक्षणको आवश्यकता भई उद्धार गरी ल्याइएका बालबालिकाका लागि सरकारले आवास, खानपान, स्वास्थ्य उपचार, मनोसामाजिक सहयोग, परिवार खोजी तथा परिवार पुनर्मिलन लगायतका सेवा उपलब्ध गराउने तथा बालबालिकाको दीर्घकालीन संरक्षणको आवश्यकता पहिचान गरी उपयुक्त व्यवस्था गर्न अस्थायी संरक्षण सेवा केन्द्र स्थापना गरी सञ्चालनमा ल्याएको छ।

कुनै पनि बालबालिकाले आफू एक्लो र असुरक्षित भएको महसुस गर्नु नपर्ने गरी मन्त्रालयले "बाढी प्रभावित विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको दीर्घकालीन स्याहार योजना" कार्यक्रम सञ्चालन गर्ने निर्णयलाई कार्यान्वयनमा ल्याएको छ। यो कार्यक्रमबाट विपदमा आमाबाबु गुमाएका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको दीर्घकालीन स्याहारका लागि सरकारले पूर्ण जिम्मेवारी लिनेछ।

नेपाल सरकार
Government of Nepal

माननीय सिता बादी
मन्त्री
महिला, बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षा मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल

Hon'ble Sita Badi
Minister
Ministry of Women, Children, Gender and sexual Minorities and Social Security
Singhadurbar, Kathmandu, Nepal

च.नं.
Ref. No.

होल्डिङ् सेन्टर र प्रभावित स्थलमा रहेका बालबालिकाको गोपनीयता,मर्यादा र सुरक्षालाई विशेष ध्यानमा राखी नियमित अनुगमन र सो विपरीत भए गरेका कार्यलाई नियमन समेत गरिरहेको छ। मन्त्रालयले बाढी प्रभावित बालबालिकाको अवस्था पहिचान, विस्तृत लेखाजोखा तथा आवश्यक संरक्षण सेवाका लागि बाढी प्रभावित जिल्लाहरूका स्थानीय तहहरू र बालबालिका राखिएका स्थानहरूमा सहजीकरण टोलीहरू परिचालन गरी संरक्षणात्मक कार्य गरिरहेको छ।

प्रिय बालबालिका भाइबहिनीहरू, आफ्ना अधिकार जान्नुहोस्, आफ्ना कर्तव्य बुझ्नुहोस्, गलत व्यवहारविरुद्ध बोल्नुहोस् र समस्या परेमा विश्वासिलो व्यक्ति वा आधिकारिक निकायसँग सहयोग माग्नुहोस्। तपाइहरूको विचार,सपना र सृजनशीलताले नै भोलिको नेपाल निर्माण गर्नेछ।

अन्त्यमा, बालबालिकाको अधिकारको रक्षा गर्नु सरकारको मात्र जिम्मेवारी नभई परिवार, समुदाय, विद्यालय, नागरिक समाज, निजी क्षेत्र र समग्र राज्य सबैको साझा दायित्व हो। यस वर्षको राष्ट्रिय बाल दिवसको नारा "**बालापनको रक्षाः भविष्यको सुरक्षा**" लाई सार्थक बनाउन सम्बन्धित सरोकारवाला सबैको साझा दायित्व र जिम्मेवारी हो भन्दै राष्ट्रिय बाल दिवस २०८३ को अवसरमा सम्पूर्ण बालबालिकाको उज्ज्वल भविष्य र उत्तरोत्तर प्रगतिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछु। आजको राष्ट्रिय बाल दिवसलाई केवल उत्सवमा सीमित नराखी साझा प्रतिवद्धताको दिन बनाऔं।

धन्यवाद।

भदौ २९, २०८३

सिता बादी

मा. सिता बादी
मन्त्री